बैठक नं. ५१

आज मिति २०८० फागुन ८ गते, मंगलबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णाप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

विषयहरु :

१. अन्तर नगर खेलकुद सम्बन्धमा ।

२. भाज्या पुखु उद्घाटन सम्बन्धमा ।

३. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

४. विविध ।

निर्णयहरु :-

१. यस नगरपालिकाको आयोजनामा मिति २०८० फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म यस वर्षको अन्तर नगर खेलकुद प्रतियोगिता अन्तर्गत महिला कबड्डी प्रतियोगिता संचालन गर्ने र सो सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

२. नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष श्री नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यतामा भ.न.पा. १, दुधपाटीस्थित ऐतिहासिक भाज्या पुखु र पुखुको बीचमा पुनः निर्माण गरिएको जलेश्वर मन्दिरको निम्न मिति र समयमा उद्घाटन कार्यक्रम गर्ने र सो सम्बन्धी सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो :

मिति : २०८० फागुन २५ गते

समय : विहान ११:०० बजे

३. देहायका समितिका देहायका निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

क. युवा तथा खेलकुद समिति

मिति २०८०।११।३ गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर युवा टिमको आयोजनामा मिति २०८० फागुन १८ गतेदेखि २६ गतेसम्म संचालन हुने उपत्यकाव्यापी आमन्त्रित भक्तपुर कप फुटबल प्रतियोगितामा यस नगरपालिकाबाट एक टीम सहभागी गराउने निर्णय गरियो ।

ख. कृषि समिति

मिति २०८०।१०।१० गतेको कृषि समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगर क्षेत्रभित्रका सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण गर्ने कार्य सिलबन्दी दरभाउ पत्रको माध्यमबाट गर्नुपर्ने भएकोले सो कार्य गर्न नेपाल सरकारबाट सम्बन्धित कार्यमा ईजाजत पत्र प्राप्त ईच्छुक रजिष्टर्ड, फर्म, कम्पनी, संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र नगरपालिकाको कार्यालयबाट सिलबन्दी दउभाउ पत्र खरिद गरी पेश गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरका कृषकहरुलाई १ (एक) दिने तरकारी नर्सरी व्यवस्थापन तालिम संचालन गर्न प्रत्येक वडाबाट ३/३ जना कृषकहरुको सहभागिता तालिम संचालन गर्न वडा/वडामा पत्राचार गर्ने र सोको कार्यक्रम संचालन खर्चको व्यवस्था गर्ने निर्णय गरियो ।

ग. महिला बालबालिका तथा समाज कल्याण समिति

मिति २०८०।११।४ गतेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. मिति २०८०।१०।२५ गतेको बैठकको निर्णय अनुसार भ.न.पा.२, इताछेंमा संचालित प्रतिमा अनुको एक्सेप्सनल बुटिक व्यवसायीको व्यवसाय प्रवर्द्धन गर्न ठूलो मेशिन-२ इन्टरलक मेसिन १, पिको मेसिन १, इम्ब्रेडोरी मेसिन १ सहयोग भएमा महिला उद्यमीको रुपमा विकास हुने देखिएकोले निजलाई उक्त सामान प्रदान गर्ने निर्णय गरियो ।

२. भ.न.पा. ८, लिवालीमा संचालित ईसलक्ष्मी जाकिबन्जार संचालिका रहेको एन.सी. फर्निचर उद्योगमा निरीक्षण गर्दा संचालितका ईस लक्ष्मी जाकिबन्जारको माग अनुसार आवश्यक काठका सामानहरु दराज, झ्याल ढोका, खाट लगायत काष्ठ सामग्रीहरु निर्माण गर्दै आएको छ । उक्त उद्योगमा थप आधुनिक प्रविधिमा मेशिनहरु उपलब्ध गराएमा थप व्यवसाय प्रवर्द्धन र धेरैं संख्यामा रोजगारी दिन सक्ने देखिएकोले निजलाई निम्न अनुसारको सामग्रीको निम्ति सिफारिस गर्ने निर्णय गरियो :

१. स्क्यायर ड्रिल १.१ किलोवाट
२. १८ इन्च ब्याण्डसुट ३ कि.वा.
३. साइजर मेशिन
४. स्टाण्ड ग्रायण्डर
५. मिटर सः स्नाइडिङ्ग मेसिन
६. ग्रायण्डर ह्याण्ड
७. ड्रिल मेसिन
८. ट्रिप सः

९. प्लेनर

१०. ६ फिट ३५ इन्च भाइस

११. २ घोडा मोटर

१२. राउटर मेशिन

१३. चेन सः मेसिन

## घ. निर्माण समिति

मिति २०८०□११□८ गतेको निर्माण समितिको निम्न निर्णय अनुमोदन गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई. □कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्या□न रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | प्राङ्गारिक मल प्रशोधन केन्द्रको पश्चिमी सीमानामा रिटेनि□ वाल सहित सिमा पर्खाल निर्माण कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्रको पूर्वाधार निर्माण कार्य | ४,२००,७८७।७२ | | | | | | | | |
| २ | भाजु पोखरीमा सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | १ | मर्मत | ८०२,८४५।१४ | | | | | | | | |
| ३ | भनपा वडा नं. ६ कार्यालय परिसरमा ढल मर्मत कार्य | ६ | मर्मत | ३२,८२८।०५ | | | | | | | | |
| ४ | श्यानिटेशन उपशाखाको लागि नया□ गाडा बनाउने कार्य | नपा | मर्मत | ३७७,२०८।९७ | | | | | | | | |
| ५ | सहिद स्मृति खेल मैदानमा प्लम्बि□ र विद्युतीकरण कार्य | २ | मर्मत | ८०,३९१।२० | | | | | | | | |
| ख) | **रि. ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | छग देग पुन:निर्माण कार्य | ४ | छग देग पुन:निर्माण | ३,९५९,६८३।७५ | ३,८३२,६१७।४८ | | | | | | | म्याद थप २०८१ असार मसान्त |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सिलखे फाटस्थित फोहोरमैला प्रशोधन केन्द्रको सीमा पर्खाल निर्माण कार्य | १० | सिलखे फाटस्थित फोहोरमैला प्रशोधन केन्द्र | ५,९४१,८१३।३२ | ५,९९४,३५५।०७ | | | | | | | |
| **ग)** | **उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भक्तपुर नपा वडा नं. ९ मा सामुदायिक बहुउश्येीय भवन निर्माण | ९ | सङ्घीय सशर्त अनुदान | ३,००८,७५०।३३ | | | उ.स.अ.:श्री लक्ष्मीकुमार भैनात्व<br>अ.स.स. : श्री इन्द्रबहादुर प्याठ | | | | | |
| २ | तुमचो, दुगुरे, चोखा आवास क्षेत्र खानेपानी उ.स.को कार्यालय भवन निर्माण कार्य | ९ | तुमचो स्थित खानेपानी ट्याङ्की निर्माण | २,७४१,२७९।७४ | | | उ.स.अ.:श्री विष्णुप्रसाद दुमरू<br>अ.स.स. : श्री रविन्द्र ज्याख्व | | | | | |
| ३ | इशानेश्वर मन्दिर पुन:निर्माण कार्य | १ | इशानेश्वर मन्दिर | २,९२९,५२९।८१ | | | उ.स.अ.:श्री नारायणप्रसादकोइराला<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| **घ)** | **ल.ई. स्वीकृति, पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भाजु पोखरीको पश्चिम डिल बाटोमा इटा छपाई कार्य | १ | अन्य सार्वजनिक निर्माण कार्य | ८३१,००५।४७ | | ३३०,०००।०० | ७२६,०१०।१५ | ३९६,०१०।१५ | ७६७,३०८।४९ | सम्पन्न | जीवन दुवाल | |
| २ | तुमचो, दुगुरे, चोखा प्लानि□र कमल विनायक प्लानि□मा पीच मर्मत कार्य | ९, १० | योजनाको बाक्की भुक्तानी | ६१४,६४१।९७ | | २००,०००।००<br>२००,०००।००<br>**४००,०००।००** | ३२१,८८१।६०<br>२६५,१९२।४८<br>**५८७,०७४।०८** | १२१,८८१।६०<br>६५,१९२।४८<br>**१८७,०७४।०८** | ३३७,७९९।६२<br>२६८,२९७।७१<br>**६०६,०९७।३३** | सम्पन्न | बाबुकाजी गोसाइ | दोस्रो पे.फ. गरी रू. ६५,१९२।४८ भुक्तानी दिने |
| **ङ)** | **बजेट माग गर्ने सम्बन्धमा** | | | | | | | | | | | |

| **क.सं** | **विवरण** | वडा नं |
|---|---|---|
| १ | भक्तपुर क्याम्पस जाने भाजु पुखुको पूर्वी डिल बाटो ढु□ा छपाई मर्मत कार्य | १ |
| २ | इटाछे□ढुङ्गा छपाइ बाटो मर्मत कार्य | २ |
| ३ | वासिक टोल जाने ढु□ा छपाई बाटो मर्मत कार्य | ३ |
| ४ | थुलिनेदेखि देगमना जाने ढु□ा छपाई बाटो मर्मत कार्य | ४ |

| | | |
|---|---|---|
| ५ | बालाखुदेखि त्रिपुरासुन्दरीसम्मको ढु□ छपाई बाटो मर्मत कार्य | ५ |
| ६ | चोछे□टोलदेखि यालाछेसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ६ |
| ७ | याता क्षेत्रको ढुङ्गा छपाई बाटो मर्मत कार्य | ७ |
| ८ | भनपा ८ नं. वडा कार्यालय क्षेत्रको सडक पेटीमा सिमेन्ट ब्लक छपाई कार्य | ८ |
| ९ | नवदुर्गा मन्दिरदेखि सरस्वती विद्यागृहसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ९ |
| १० | सरस्वती विद्यागृहदेखि कमलविनायक सम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | १० |

**३. विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. भक्तपुर नगरपालिकाद्वारा संचालित** BAB 7277, **बा १ क ३५५८, र बा १ ग ३२४० नं. सफाई गाडीहरु मर्मत गरे वापत क्रमशः रु.११,३७४।५६, रु.३४,३१८ र १३,९०९।- गरी कुल जम्मा रु.५९,६०११५६ नेपाल अटो ईलेक्ट्रिक ट्रेड लिंकलाई भुक्तानी दिने निर्णय गरियो ।**

**ख. भक्तपुर नगरपालिकाद्वारा संचालित** BAB 8655 **नं. सफाई गाडी मर्मत गरे वापत रु.८,३०५।५० सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।**

**ग. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ३५५८ नं. सफाई गाडी मर्मत गरे वापत रु. ९७,४६२।५० हाम्रो हेभी इकुपमेन्ट वर्कशप प्रा.लि लाई भुक्तानी दिने निर्णय गरियो ।**

**घ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ ग ३२४० नं. सफाई गाडी मर्मत गरे वापत रु.९६,०५०।- बि बि ईन्जिनियरिङ्ग प्रा.लि लाई भुक्तानी दिने निर्णय गरियो ।**

**ङ. यस नपा मा विभिन्न मितिमा खाजा उपलब्ध गराए वापत रु.४,८५०।- भः छैं नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।**

**च. भक्तपुर नगरपालिका वडा नं. १ स्थित नः पुखुमा वाटर बाइक संचालनको लागि मिति २०८०।०९।२५ गते प्रकाशित सूचना अनुसार पेश भएका दरभाउ पत्रहरुमध्ये अधिकत्तम कबोल गर्ने टि.एन एड्भेन्चर्स प्रा.लि.** (T.N. Adevtures Pvt.Ltd) **कोटेश्वर, काठमाण्डौसँग वार्षिक बहाल रु.१५,२५,०००।- मा सम्झौता गर्ने सम्बन्धी मिति २०८०।१०।१४ गतेको निर्णय अनुमोदन गरियो ।**